**आर्थिक वर्ष २०७५/०७६ का लागि तेस्रो गाँउ सभा द्वारा पारित गाँउपालिकाले लगाउने कर,दस्तुर र शुल्क आदिको दर रेट**

# सम्पति कर

१. यस गाँउपालिकाको क्षेत्रभित्र रहेको गोठ छाप्रो बाहेक प्रत्येक घरसंरचनाको स्वयम घोषित मुल्यांकनका आधारमा वार्षिक रुपमा रु.०.१%ले हुन आउने रकम मात्र असुल उपर गरिनेछ ।

२. एउटै कित्ता भित्र रहेको र सँगै जोडिएको घरसंरचनाले एउटा घरलाई जनाउने छ ।

३. कानुनी रुपमा एकिकृत सम्पती कर लगाउनु पर्ने अवस्थामा हाललाई सम्पति कर र मालपोत कर जोडी हुन आउने आधारमा लिन सकिने छ ।

अनुसूचि (२)

(ऐनको दफा ४ सँग सम्बन्धित)

# भूमि कर (मालपोत)

१. यस गाँउपालिकाको क्षेत्रभित्र रहेको  सरकारी जग्गा, धार्मिक संघ संस्था, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल बाहेक देहायमा वर्गिकरण गरिएका जग्गाहरु बाट मात्र देहायमा उल्लिखित दरमा भूमि कर (मालपोत) असुल उपर गरिनेछ :

(क) अब्बल प्रति रोपनी रु.३० ।-

(ख) दोयम प्रति रोपनी रु.२५।-

(ग) सिम प्रति रोपनी रु.२०।-

(घ) चाहारप्रति रोपनी रु.१५।-

(ङ) पाँचौ तह प्रति रोपनी रु.१०।-

अनुसूचि (३)

(ऐनको दफा ५ सँग सम्बन्धित)

# घरवहाल कर

१. यस गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै  वाआंशिक तवरले वहालमा दिएकोमा सम्झौता रकमको १० प्रतिशतले घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

२. घरवहालमा दिने सम्झौता पत्रको नमुना गाँउपालिकामार्फत वडा कार्यालयहरुबाट उपलब्ध गराईने छ तथा सम्झौताको समयमा सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य साँक्षी बसेको हुनु पर्नेछ ।

३. यो घर वहाल कर घरधनिलाई घरभाडा रकम बुझाएको समयमा सम्बन्धित वडा कार्यालयमा जम्मा गर्नुपर्नेछ ।

अनुसूचि (४)
(ऐनको दफा ६ सँग सम्बन्धित)

# व्यावसाय कर

१. यसगाउँपालिकाका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा मादेहाय बमोजिमका व्यवसाय कर लगाइ असूल उपर गरिनेछ ।

| व्यवसायको नामव्यवसायको दर्ता वापत वार्षिक | | प्रत्येक बर्ष नविकरण वापत वार्षिक |
|---|---|---|
| १. भट्टि पसल | २०००/- | १०००/- |
| २. किराना पसल | २०००/- | १५००/- |
| ३. होटल एण्ड लज(१० वटा भन्दा कम कमन रूम भएमा) | २५००/- | २०००/- |
| ४. होटल एण्ड लज(१० वटा भन्दा बढी कमन रूम भएमा) | ४०००/- | ३०००/- |
| ५. होटल एण्ड लज(५ वटा भन्दा कम एटेज रूम भएमा) | ५०००/- | ३०००/- |
| ६. होटलएण्ड लज (५ वटा भन्दा बढी एटेज रूम भएमा) | ६०००/- | ४००/- |
| ७. चेन रिसोर्ट | ७०००/- | ४०००/- |
| ८. जनरल स्टोर्स | ५०००/- | ३०००/- |
| ९. पुस्तक पसल | १०००/- | ५००/- |
| १०. कपडा पसल | २०००/- | १०००/- |
| ११. पेन्टिङ पसल | २०००/- | १०००/- |
| १२. औषधि पसल | ३०००/- | २०००/- |
| १३. सुन चाँदी पसल | ३०००/- | १५००/- |
| १४. सैलुन/व्यूटिपार्लर | ३०००/- | २०००/- |
| १५. ट्रेकिङ्ग गियर शप | ५०००/- | ३०००/- |
| १६. बार/पब | ४०००/- | २०००/- |
| १७. मनि एक्सचेन्ज | ३०००/- | २०००/- |
| १८. पुल हाउस | २०००/- | १०००/- |
| १९. क्याफे/रेष्टुरेण्ट/बेकरी | ४०००/- | २०००/- |
| २०. मिनिरल वाटर बोटल उत्पादन | ५००००/- | ३०००० /- |
| २१. मिनिरल वाटर फ्याक्ट्री | १५०००/- | १००००/- |
| २२.सस्थागत अस्पताल | २००००/- | १००००/- |
| २३. इलोकट्रिनिक पसल | ५०००/- | ३०००/- |
| २४. स्नोकर हाउस | ४०००/- | २०००/- |
| २५. बैंक | २००००/- | १००००/- |
| २६. बहुउद्देश्य शहकारी | १००००/- | ५०००/- |
| २७. संस्थागत विद्यालय | ५०००/- | ३०००/- |
| २८. होस्टेल | ५०००/- | २०००/- |
| २९. ट्युसनसेन्टर | २०००/- | १०००/- |
| ३०. मसाज सेन्टर | ३०००/- | २०००/- |

| | | | |
|---|---|---|---|
| ३१. म्यूजियम | ५०००/- | | ३०००/- |
| ३२. संस्था दर्ता | २०००/- | | १०००/- |
| ३३. हाइभिजन हल | ३०००/- | | २०००/- |
| ३४. सहासिक खेलकुद अनुमति शुल्क | २००००/- | | |
| ३५. प्रति हेलिकप्टर बार्षिक | १०००००/- | | |
| ३६. कृषि सहकारी | २०००/- | १००० | /- |
| ३७. बचत तथा ऋण सहकारी | ५०००/- | | ३०००/- |
| ३८. धुप उधोग | ५०००/- | ३००० | /- |
| ३९. जडिबुटि उधोग | ५०००/- | ३००० | /- |
| ४०. स्पोर्टस तथा स्टेशनरी | ३०००/- | २००० | /- |
| ४१. ट्राभल एण्ड ट्रेकिङ्ग | ५०००/- | ३००० | /- |
| ४२. इन्टरनेट सर्भिस प्रा.लि. | २००००/- | १०००० | /- |
| ४३. सावना | ४०००/- | २००० | /- |
| ४४. लोण्ड्री | २०००/- | १००० | /- |
| ४५. गिफ्ट शप तथा सोकिनियर | ५०००/- | ३००० | /- |
| ४६. क्याम्पिङ सञ्चालन | ७०००/- | ५००० | /- |
| ४७. मासु पसल | ३०००/- | २००० | /- |
| ४८. घरेलु उधोग | ३०००/- | २००० | /- |
| ४९. भाँडा पसल | २०००/- | १००० | /- |
| ५०. मिनी मार्ट | ५०००/- | ३००० | /- |
| ५१. हार्डवेयर | ५०००/- | ३००० | /- |
| ५२. ग्याँस डिपो (इन्धन डिपो) | ३०००/- | २००० | /- |
| ५३. काठ व्यापार | १००००/- | ५००० | /- |

२. यस क्षेत्रभित्र संचालन गर्नुपुर्व तथा संचालन भईरहेका कुनैपनि व्यवसाय गाँउपालिकाको कार्यालयमा दर्ता तथा नविकरण भई प्रमाण पत्र लिएर मात्र व्यवसाय संचालन गर्नुपर्नेछ ।

अनुसूचि (५)

(ऐनको दफा ७ सँग सम्बन्धित)

# विज्ञापन कर

१. यस गाउँपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवाको प्रचारप्रसार वापत होडिङ बोर्ड लगायतका विज्ञापन सामग्री सार्वजनिक क्षेत्रमा राख्दा गाँउपालिका र अन्य सम्बन्धित निकायको स्विकृती लिनुपर्नेछ,साथै बार्षिक रू.१०००।—वा प्रति वर्ग फुट रू.५०।- को दरले जुन बढि हुन्छ सो रकम गाँउपालिकाको कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

अनुसूचि (६)
(ऐनको दफा ८ सँग सम्बन्धित)

# मनोरन्जन कर

१. यस गाउँपालिकाका क्षेत्रभित्र जुनसुकै प्रयोजनको लागि मनोरन्जनात्मक कार्यक्रम संचालन गर्नुपुर्व गाँउपालिकाको स्विकृति लिनुपर्नेछ ।टिकट बिक्रि गर्ने सन्दर्भमा कुल बिक्रि रकमको १५ प्रतिशत गाँउपालिकाको कार्यालयमा जम्मा गर्नुपर्नेछ ।

अनुसूचि (७)
(ऐनको दफा ९ सँग सम्बन्धित)

# बहाल बिटौरि शुल्क

१. यस गाउँपालिकाका क्षेत्रभित्र सार्वजनिक स्थलमा लाग्ने हाट बजारमा रहने स्थानिय उत्पादन बाहेकको प्रत्येक पसलबाट रू.२००।–प्रति हप्ता तथा अन्य निजी क्षेत्रमा लाग्ने हाटबजार बाट प्राप्त हुने कुल आयको १० प्रतिशत गाँउपालिकाको कार्यालयमा जम्मा गर्नुपर्नेछ ।
२. यस गाँउपालिका क्षेत्रभित्र कुनैपनि किसिमको सेवा प्रदायकले कुनैपनि किसिमको टावर राख्नु परेमा गाँउपालिका तथा सम्बन्धित निकायबाट पुर्व स्विकृति लिएर मात्र संचालन गर्नुपर्नेछ । यसको साथै नयाँ स्थापना हुने तथा साविकदेखी संचालनमा रहेको प्रत्येक स्थानको टावरले वार्षिक रुपमा रु.६०,०००।- गाँउपालिकालाई तिर्नुपर्नेछ ।

अनुसूचि (८)
(ऐनको दफा १० सँग सम्बन्धित)

# पार्किङ शुल्क

अनुसूचि (९)
(ऐनको दफा ११ सँग सम्बन्धित)

# ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्या फ्टीङ्ग शुल्क

अनुसूचि (१०)
(ऐनको दफा १२ सँग सम्बन्धित)

# सेवा शुल्क दस्तुर

१. यसगाउँपालिकाको कार्यालय द्वारा प्रदान गरिने सेवा वापत देहाय बमोजिमको शुल्क लाग्नेछ ।
   क. गरिबि, छात्रवृत्ति तथा नागरिकताको सिफारिस बाहेक अन्य जुनसुकै किसिमको सिफारिस वापत रू.१००।—लाग्नेछ ।
   ख. सम्पति मुल्यांकन तथा आम्दानि प्रमाणित वापत कुल रकमको ०.१ प्रतिशत लाग्नेछ ।तर उच्च शिक्षा हाँसिल गर्न वा उपचारका लागि विदेश जानेहरूलाई ५० प्रतिशत छुट दिईने छ ।
   ग. जुसुकै प्रमाणित वापत रू.२००।—लाग्नेछ ।
   घ. जुनसुकै किसिमको फारम वापत रू. १००।—लाग्नेछ ।

अनुसूचि (११)

(ऐनको दफा १३ सँग सम्बन्धित)

# पर्यटन शुल्क

१.यस गाउँपालिका क्षेत्रभित्र प्रवेश गर्ने प्रत्येक विदेशी नागरिकबाट प्रत्येक पटक प्रवेश गर्दा पर्यटक प्रवेश शुल्क वापत रू २०००।- अशुल गरिने छ ।